नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

## हरितालिका (तीज), २०८२ को शुभकामना सन्देश

हिन्दु धर्मावलम्बी नेपाली महिलाहरुको महान पर्व हरितालिका (तीज), २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं सौभाग्यका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

भाद्र शुक्ल तृतीयाको दिन हिन्दु नारीहरुले भगवान शिवजीको पूजा आराधाना गरी व्रत बस्नुका साथै नाचगान गरी हर्षोल्लासपुर्वक यो पर्व मनाईन्छ। यस पर्वको अवसरमा अविवाहिता नारीले योग्य वर प्राप्त गर्न र विवाहिता नारीले पारिवारिक सुख र दाम्पत्य जीवनको सफलताको लागि व्रत वस्ने चलन रहेको छ। पछिल्लो समयमा यदाकदा देखिएका अनावश्यक तडकभडक, देखासिकी, खर्चालु प्रवृत्ति जस्ता विकृतिलाई निरुत्साहित गर्दै सभ्य तथा समुचित ढङ्गले यो पर्व मनाउदै अगाडि बढ्नुपर्ने आजको आवश्यकता रहेको छ।

सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो मुलुकमा परापूर्व कालदेखि मनाउँदै आइरहेको यस पर्वले मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुर्‍याउनुका साथै समाजका हरेक क्षेत्रमा महिलाहरुको समान पहुँचलाई अझ सशक्त रुपमा अघि बढाउँदै सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक प्रेम, सद्भाव र आत्मियता अभिबृद्धि गर्दै जाने विश्वास लिएको छु ।

अन्तमा, यस पर्वले सबै नेपालीवीच आपसी प्रेम, वन्धुत्व र एकताको भावना वढाएर नयाँ उमंग र हौसलाका साथ मुलुकको प्रगतिमा अग्रसर हुने प्रेरणा हामी सबैमा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

नजिर मियाँ
प्रदेश प्रमुख

२०८२ साल भाद्र १० गते मंगलवार

नजिर मियाँ
प्रदेश प्रमुख